# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको बैठकका प्रस्ताव एवं निर्णयहरु (बैठक सङ्ख्याः १०३, बैठक मितिः २०८१।१२।२८)

| क्र.स | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १०२ औं बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | नगर कार्यपालिकाको मिति २०८१।११।२५ गते बसेको १०२ औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाइयो । |
| २. | विद्यालय गुनासो सुनुवाई कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारिस भई आएको "भरतपुर महानगरपालिका विद्यालय गुनासो सुनुवाई कार्यविधि, २०८१" लाई स्वीकृत गर्ने । |
| ३. | बालविकास केन्द्रका शिक्षकलाई मासिक प्रोत्साहन रकम तोक्ने सम्बन्धमा । | प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड, २०८० को दफा ९ बमोजिम बालविकास केन्द्र ('क' वर्ग) का शिक्षकहरुलाई आ.व. २०८१/८२ वार्षिक योजना किताब, शैक्षिक उन्नयन अन्तर्गत *उत्कृष्ठ बालविकास केन्द्रलाई प्रोत्साहन अनुदान* शीर्षकबाट प्रति शिक्षक मासिक रु. २,०००।- (अक्षरेपी दुई हजार रुपैयाँ) प्रोत्साहन रकम उपलब्ध गराउने । |
| ४. | अस्फाल्ट, क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको अध्ययन कार्यदलको अनुगमन प्रतिवेदन सम्बन्धमा । | नगर कार्यपालिकाको १०२ औं बैठकको निर्णयबाट क्रसर, अस्फाल्ट तथा बालुवा प्रशोधन उद्योगहरुको अध्ययन र अनुगमन गरी प्रतिवेदन दिन नगर उपप्रमुखको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन बैठकमा छलफल गरियो । जिल्ला अनुगमन समिति लगायत सरोकारवाला सँग समन्वय गरी प्रतिवेदनका सुझावहरु कार्यान्वयन गर्ने । |
| ५. | आ. व. २०८२।८३ को लागि संघीय सरकार तथा प्रदेश सरकार बाट प्राप्त प्रस्तावित वित्तिय हस्तान्तरण अनुदान रकम जानकारी गराउने सम्बन्धमा । | आगामी आ.व. २०८२।०८३ को लागि संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको प्रस्तावित सीमा तपसिल अनुसार प्राप्त भएको र बागमती प्रदेश सरकारबाट हालसम्म वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँड सीमा प्राप्त नभएको व्यहोरा जानकारी भयो ।<br><u>संघीय सरकार</u><br>• राजश्व बाँडफाँड — ३१ करोड ९१ लाख ।<br>• समानीकरण अनुदान अन्तर्गत न्यूनतम ९ करोड ७५ लाख, सुत्रमा आधारित ३० करोड ४४ लाख, कार्य सम्पादनमा आधारित ६४ लाख गरी जम्मा ४० करोड ८३ लाख । |
| ६. | मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्ने सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४) बमोजिम हरेक स्थानीय तहको मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची बनाउनुपर्ने कानूनी व्यवस्था बमोजिम यस महानगरपालिका क्षेत्रभित्रका मध्यम प्रकृतिका तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको अध्ययन गरी सूची सहितको प्रतिवेदन १ महिना भित्र पेश गर्न तपसिल बमोजिम कार्यदल गठन गर्ने । |

| | | |
|---|---|---|
| | | तपसिल<br>भरतपुर महानगर उपप्रमुख — संयोजक<br>पूर्वाधार विकास समिति संयोजक — सदस्य<br>आर्थिक प्रशासन महाशाखा प्रमुख — सदस्य<br>शहरी पूर्वाधार विकास महाशाखा प्रमुख — सदस्य<br>योजना, अनुगमन तथा सूचना प्रविधि महाशाखा/ योजना तथा बजेट शाखा प्रमुख — सदस्य सचिव |
| ७. | जग्गाको खण्डीकरण तथा प्लटिङ व्यवस्थित गर्ने सम्वन्धमा । | यस महानगरपालिका भित्रका क्षेत्रहरुमा अव्यवस्थित रुपमा जग्गाको खण्डीकरण भइरहेको, जग्गा प्लटिङ्ग भई बेचबिखन भइरहेकोले महानगरपालिकाको योजनाबद्ध शहरी पूर्वाधार विकासमा अवरोध उत्पन्न भएको तथा  राजस्वको दायरामा नसमेटिएकोले महानगरको अनुमतिविना गरिएका जग्गा प्लटिङ्ग तथा खण्डीकरण कार्यहरु तत्काल रोक्न आवश्यक देखिएकोले अनुमति नलिई प्लटिङ्ग गरिएका जग्गाहरुको सम्बन्धमा सम्बन्धित वडाबाट घरबाटो, कित्ताकाट लगायतका कुनै पनि सिफारिसहरु नदिने । महानगरपालिकाबाट अनुमति लिई खण्डिकरण तथा प्लटिङ्ग गरिएको अवस्थामा मात्र आवश्यकता अनुसार सिफारिस गर्ने। |
| ८. | सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा हरेक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने कानूनी व्यवस्था छ । यस महानगरभित्रका सबै वडाहरुले आ-आफ्नो वडा क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा, भवन लगायतका सम्पत्तिहरु एकिन तथा पहिचान गरी १५ दिन भित्र महानगरपालिकामा पेश गर्ने तथा महानगरपालिकाले वडाबाट प्राप्त विवरण १ महिनाभित्र अद्यावधिक गर्ने गरी वडास्तर तथा महानगरस्तरमा तपसिल बमोजिम सार्वजनिक सम्पत्ति अभिलेख अद्यावधिक कार्यदल गठन गर्ने ।<br>तपसिल<br>• *वडास्तरिय कार्यदल*<br>वडा अध्यक्ष (सम्बन्धित वडा )— संयोजक<br>वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य - सदस्य<br>ईञ्जिनियर — सदस्य<br>वडा सचिव-  सदस्य सचिव<br>• *नगरस्तरिय कार्यदल* |

| | | |
|---|---|---|
| | | प्रमुख प्रशासकीय अधिकृत — संयोजक<br>शहरी पूर्वाधार विकास महाशाखा प्रमुख — सदस्य<br>आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख — सदस्य सचिव |
| ९. | लेखापरीक्षण प्रतिवेदन दफावार छलफलको लागि लेखा समितिमा पठाउने सम्बन्धमा । | यस महानगरपालिकाको आ.व. २०८०।०८१ को महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन बैठकमा प्रस्तुत भयो । सो प्रतिवेदनमा दफावार छलफल गरी सम्परीक्षण लगायत आवश्यक कारबाहीका लागि लेखा समितिमा पठाउने । |
| १०. | चालू आ.व.को नौ महिनाको बजेट कार्यान्वयनको समीक्षा सबन्धमा । | चालु आ.व. २०८१।०८२ को ९ महिना अवधिको बजेट कार्यान्वयनको अवस्था बैठकमा समीक्षा भयो । पूँजीगत खर्च बढाउन, स्वीकृत कार्यक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्न र लक्ष्य अनुसार राजश्व असुली मा थप सकृयता देखाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।<br>• कुल खर्च -२ अर्ब ४ करोड २४ लाख ४८ हजार ८ सय ६९ ।(खर्च प्रतिशत -३७.४१)<br>• पूँजीगत खर्च — ६७ करोड ७६ लाख ३७ हजार ७ सय ५ । (खर्च प्रतिशत — २४.८७)<br>• चालू खर्च — १ अर्ब ३६ करोड ४८ लाख ११ हजार १ सय ६४ ।(खर्च प्रतिशत — ४९.९०)<br>• कुल आन्तरिक राजश्व प्राप्ति रु. ८१ करोड ९६ लाख ३७ हजार ४ सय ५०, वार्षिक लक्ष्यको ४६% । |
| ११. | खरिद नियमावली, नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, आन्तरिक राजश्व परिचालन तथा व्यवस्थापन ऐन र प्रमाणिकरण ऐन तर्जुमाको लागि सैद्धान्तिक सहमति सम्बन्धमा । | महानगरपालिकाको खरिद नियमावली, नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, आन्तरिक राजश्व परिचालन तथा व्यवस्थापन ऐन र प्रमाणिकरण ऐन हाल सम्म तर्जुमा नभएको र उल्लिखित ऐनहरु अति आवश्यक रहेकोले स्थानीय कानून निर्माण गर्न बागमती प्रदेश गाउँ तथा नगर सभा सञ्चालन ऐन, २०७५ को दफा २४ बमोजिम संक्षिप्त अवधारणापत्र बनाउन सैद्धान्तिक सहमति दिने । |
| १२. | गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको दायित्व भुक्तानीको लागि धुर्मुस-सुन्तली फाउण्डेसनलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा । | यस महानगरपालिकाको वडा नं. १५ मा हाल निर्माण भइरहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला विगतमा महानगरपालिकासँग MOU गरी आफैंले आर्थिक स्रोत जुटाई धुर्मुस-सुन्तली फाउण्डेसनले निर्माण शुरु गरेको थियो । कोभिड महामारीका कारण विशेष परिस्थिति परी आर्थिक स्रोत जुटाउन नसकी निर्माण कार्य अघि बढाउन नसकेकोले रङ्गशाला निर्माण परियोजनाको स्वामित्व महानगरपालिकालाई हस्तान्तरण गरी जिम्मेवारीबाट मुक्त भएको छ । हाल महानगरले बोलपत्र गरी रङ्गशाला निर्माण कार्य भइरहेको छ । |

| | | |
|---|---|---|
| | | साविकको निर्माण कार्य गर्दाको सृजना भएको तिर्न बाँकी दायित्व रु. १८ करोड ८३ लाख भुक्तानी पाउन धुर्मुस-सुन्तली फाउण्डेसनले पटक-पटक निवेदन पेश गरेको छ । सामग्री आपूर्तिकर्ताहरु पनि आफ्नो रकम भुक्तानीको व्यवस्था मिलाई दिनुहुन भनी पटक-पटक महानगरपालिकामा आउने गरेका छन् । विगतमा २ पटक नेपाल सरकारबाट १२ करोड रकम निकासा भएकोमा विभिन्न प्राविधिक कारणले सो रकम फाउण्डेसनलाई उपलब्ध गराउन सकिएन । रङ्गशाला निर्माण गरी महानगरपालिका मार्फत् राज्यलाई नै हस्तान्तरण गरेको अवस्था रहेकोले रङ्गशाला निर्माणसँग प्रत्यक्ष सम्बद्ध श्रमिक तथा कामदार खर्च, प्रत्यक्ष निर्माण सामग्री खरिद खर्च, पेश भएका बिलहरु समेतको आधारमा कारोबारको यथार्थता एकिन गरी सिधै धुर्मुस-सुन्तली फाउण्डेसनलाई विगतमा निर्मित संरचनाको तिर्न बाँकी दायित्व फरफारक गर्न नेपाल सरकारबाट अनुदान उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् नेपाल सरकारलाई सिफारिस गर्ने । |
| १३. | विविध | |
| क. | आर्थिक सहायता सम्बन्धमा । | • भरतपुर महानगरपालिका वातावरण शाखामा कार्यरत सरसफाईकर्मी मनोज तामाङ कार्यालयको कामको क्रममा दुर्घटनामा परी घाईते भएकोमा निजको उपचारार्थ रु. २५,०००।— (अक्षरेपी पच्चीस हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २७/२८ मा कार्यरत अमिन मुक्तिनाथ सुवेदी कार्यालयको कामको क्रममा दुर्घटनामा परी घाईते भएकोमा निजको उपचारार्थ रु. २५,०००।— (अक्षरेपी पच्चीस हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. ११ निवासी कुस्म कला अधिकारीलाई फोक्सोको क्यान्सरको उपचारार्थ रु. ५०,०००।— (अक्षरेपी पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १४ निवासी देवी राम विश्वकर्मालाई मृगौला सम्बन्धी रोगको उपचारार्थ रु. ७५,०००।— (अक्षरेपी पचहत्तर हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं १७ निवासी पुर्णिमा तामाङ लाई टाउको सम्बन्धी रोगको उपचारार्थ रु. ७५,०००।— (अक्षरेपी पचहत्तर हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २४ निवासी हस्त बहादुर अधिकारीलाई क्यान्सर रोगको उपचारार्थ रु. ५०,०००।— (अक्षरेपी पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| ख. | जग्गा सट्टापट्टा गर्दा लाग्ने राजश्व रकम छुट दिने सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. ७ को एकीकृत नगर विकास प्लानिङको नाममा दर्ता श्रेस्ता कायम रहेको कि. नं. ९३ को जग्गामा निर्माणाधीन वडा कार्यालयको भवनको लागि जग्गाको क्षेत्रफल अपुग भएकोले सँधियार जग्गाधनी सूर्य लाल लामाको नाममा रहेको कि. नं. ४७१ बाट २२७.३७ वर्ग मिटर क्षेत्रफल लिन आवश्यक देखिएकोले सोको लागि कृष्णपुर एकीकृत नगर विकास प्लानिङको कि.नं. १२६ बाट १८६.२३ वर्ग मिटर सूर्य लाल लामालाई दिई जग्गा सट्टापट्टा गर्दा लाग्ने रजिष्ट्रेशन वापतको सम्पूर्ण राजश्व रकम महानगरपालिकाले व्यहोर्ने । |